# सानिमा माई हाइड्रोपावर लिमिटेड

## विक्रम सम्वत् २०७५ साल कार्तिक महिना ०८ गते विहीबार
## सेलिब्रसन हाईट, सुकेधारा चोक, काठमाण्डौमा सम्पन्न भएको
## सातौं वार्षिक साधारण सभाको काम कारवाही तथा निर्णय पुस्तिका

१. पृष्ठभूमि :

सानिमा माई हाइड्रोपावर लिमिटेडको सातौं वार्षिक साधारण सभा मिति २०७५ साल कार्तिक महिना ०८ गते तदनुसार २५ अक्टोबर, २०१८ मा सेलिब्रेसन हाईट, सुकेधारा चोक, काठमाण्डौमा सम्पन्न भएको थियो । कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सदस्यहरू, आमन्त्रित वर्ग तथा कम्पनीका पदाधिकारीहरूलाई आसन ग्रहण गर्न अनुरोध गर्नुका साथै उपस्थित सबैलाई सातौं वार्षिक साधारणसभामा हार्दिक स्वागत गर्नु भएको थियो । साधारण सभाको अध्यक्षता कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूले गर्नु भई अध्यक्षज्यूको अनुमति पश्चात सभा सञ्चालन भएको थियो । साधारण सभामा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदन तथा कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. श्री सुवर्णदास श्रेष्ठज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला स्थित माई (२२.० मे.वा.) तथा माई क्यास्केड (७.० मे.वा.) जलविद्युत आयोजना साथै यस कम्पनीद्वारा शेयर पूँजी लगानी गरिएको विभिन्न कम्पनीका जलविद्युत आयोजनाहरूको जानकारीका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो र सो पश्चात् साधारण सभामा छलफलका लागि निर्धारित विषयहरू उपर छलफल गरी निर्णय भएको थियो । साधारण सभा बिहान ११:०० बजेबाट शुरू भई निर्धारित विषय सूची अनुसारका विषयहरूमा छलफल तथा निर्णय गरी दिनको १:३० बजे सभा समापन भएको थियो ।

(क) <u>सभाको सूचना तथा प्रकाशन</u> :

यस कम्पनीको सञ्चालक समितिको मिति २०७५ साल आश्विन १५ गते बसेको बैठकको निर्णयानुसार आयोजित कम्पनीको यस सातौं वार्षिक साधारणसभाको जानकारीका लागि २०७५ साल आश्विन १६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा कम्पनीको संक्षिप्त आर्थिक विवरण सहित प्रथम पटक, २०७५ साल आश्विन १८ गतेको राष्ट्रिय दैनिक कारोबारमा दोस्रो पटक र त्यसै गरी इलाम जिल्लाबाट प्रकाशित हुने इलाम पोष्ट दैनिक पत्रिका, सन्दकपुर दैनिक लगायत अनलाईन पत्रिका उर्जा खवर तथा काठमाण्डौबाट प्रसारण हुने उज्यालो एफ एम तथा इलामबाट प्रशारण हुने नेपालवाणी एफ एम रेडियोहरूमा विभिन्न पटक सूचना प्रकाशित गरिनुका साथै उल्लिखित सूचना तथा जानकारिका साथै कम्पनीको आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.maihydro.com मा पनि राखिएको थियो ।

(ख) <u>उपस्थिति</u> :

(अ) सञ्चालकहरूको उपस्थिति :

श्री टेकराज निरौला सञ्चालक/अध्यक्ष

SANIMA MAI HYDROPOWER LIMITED sanima SMH KATHMANDU

| | |
|---|---|
| श्री खेमराज लामिछाने | सञ्चालक-सदस्य |
| श्री घनश्याम थापा | सञ्चालक-सदस्य |
| श्री महेश घिमिरे | सञ्चालक-सदस्य |
| श्री भरतकुमार पोखरेल | सञ्चालक-सदस्य |
| श्री आशिश श्रेष्ठ | सञ्चालक-सदस्य |

**(आ) पदाधिकारीहरूको उपस्थिति :**

| | |
|---|---|
| डा. श्री सुवर्णदास श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| श्री शिवबालक गिरी | विद्युत केन्द्र सञ्चालन संयोजक |
| श्री क्रान्त श्रेष्ठ | कम्पनी सचिव |
| श्री सुदिप रोका | लेखा तथा वित्त प्रमुख |
| श्री सुधिर गिरी | प्लान्ट मेनेजर |
| श्री कल्पना श्रेष्ठ | लेखा अधिकृत |

**(इ) विभिन्न निकायका पदाधिकारी/ प्रतिनिधिको उपस्थिति :**

१. श्री राजुकुमार सिवाकोटी प्रतिनिधि, जे.वि.आर.एच. एण्ड कम्पनी **(लेखापरीक्षक)**

२. श्री अमन उप्रेति प्रतिनिधि, एसएआर एसोसियट्स **(परामर्शदाता)**

**(ई) शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| १. स्वयम् उपस्थित हुने शेयरधनीहरूको संख्या (संस्थागत शेयरधनीहरूको प्रतिनिधि समेत) | - २९० जना |
| २. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको संख्या | - १४२ जना |
| ३. जम्मा उपस्थिति संख्या | - ४३२ जना |

**(ग) <u>सातौं वार्षिक साधारसभामा छलफलको लागि प्रस्ताव गरिएका विषयहरू</u> :**

साधारण सभामा निम्न विषयहरू छलफल तथा निर्णयका लागि प्रस्तुत गरिएको थियो :

**(क) साधारण प्रस्तावहरू**

१ सातौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७४/७५ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारीश्रमीक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार आ.व. २०७४/०७५ को खुद नाफा तथा संचित मुनाफा समेत मध्येबाट शेयरधनीहरूलाई चुक्ता पूँजीको ५ प्रतिशत नगद लाभांश (प्रस्तावित नगद लाभांश तथा बोनस शेयर बापतको कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।

५. सञ्चालकहरूलाई सञ्चार सुविधा उपलब्ध गराउने ।

६. लेखापरीक्षण समिति तथा अन्य उपसमितिमा रहेका संचालकहरूलाई उल्लिखित उप-समितिको बैठक भत्ता उपलब्ध गराउने ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७४/०७५ को खुद नाफा तथा संचित मुनाफा र शेयर प्रिमियम समेत मध्येबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर प्रदान गर्ने ।

२. बोनस शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने तथा प्रबन्धपत्र र नियमावलीमा संशोधन/ थप गर्ने ।

३. सानिमा हाईड्रोपावर लिमिटेडलाई यस कम्पनीमा गाभ्ने (Acquire) र यसकालागि कम्पनीको तर्फबाट पुरा गर्नु पर्ने आवश्यक प्रक्रियाहरू अवलम्बन गरि कानून बमोजिम गाभ्ने कार्य सम्पन्न गर्न, गराउन कम्पनीको छैठौं वार्षिक साधारण सभाबाट सञ्चालक समितिलाई प्रदान गरिएको अख्तियारीलाई यथावतै कायम राखी बाँकी सम्पूर्ण कार्यहरू पुरा गर्न र कम्पनी गाभ्ने वा उपयुक्त ठहर नभएमा नगाभ्ने सम्बन्धमा आवश्यक निर्णय लिन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक समायोजन गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

(घ) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :

| विवरण | निष्काशित शेयर र शेयरधनी | स्वंम उपस्थित | प्रतिनिधिबाट उपस्थिति | जम्मा उपस्थिति | उपस्थितिको प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | २,११,००,००० | ५८,९४,१७२ | ५१,९६,१४८ | १,१०,९०,३२० | ५२.५६ % |
| शेयरधनी संख्या | ३८३८२ | २९० | १४२ | ४३२ | १.१३ % |

२. सभाको वैधानिकता :

(अ) यस कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयधनीहरू स्वंयम वा प्रतिनिधि मार्फत उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा स्वंयम तथा प्रतिनिधि मार्फत हाजिरी जनाउने शेयरधनीहरूको संख्या ४३२ भएको र कुल बाँडफाँड भएको ५२.५६ प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले कम्पनीको

नियमावली तथा प्रचलित कानून बमोजिम साधारण सभाको लागि गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा जानकारी गराउनु भयो ।

(आ) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्बन्धमा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूको अध्यक्षतामा कम्पनीको सातौं वार्षिक साधारण सभा शुरू गर्न कम्पनी सचिवलाई अनुमति दिनु भए बमोजिम सभा सञ्चालन गरियो ।

३. <u>सभा सञ्चालन तथा प्रस्ताव उपर छलफल</u> :

साधारण सभाको कार्यक्रम सञ्चालन गर्न अध्यक्षज्यूबाट अनुमति प्राप्त भए पछि सञ्चालक समितिका अध्यक्ष श्री टेकराज निरौलाज्यूलाई कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत् पश्चात अध्यक्षज्यूले आफ्नो मन्तव्य व्यक्त गर्नु भई सञ्चालक समितिको तर्फबाट आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन अनुमोदनका लागि प्रस्तुत गर्नु भयो । साथै कम्पनीका प्रमुख कार्यकारी अधिकृतज्यूले यस कम्पनीद्वारा निर्माण गरी सञ्चालनमा रहेका ईलाम जिल्ला स्थित माई जलविद्युत आयोजना (२२.० मे.वा.) तथा माई क्यास्केड जलविद्युत आयोजना (७.० मे.वा.) का साथै यस कम्पनीद्वारा शेयर पूँजी लगानी गरिएको विभिन्न कम्पनीका जलविद्युत आयोजनाहरूको प्रगतिको जानकारीका सम्बन्धमा पावरप्वाइन्ट प्रिजेन्टेसनको माध्यमद्वारा प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुत प्रतिवेदन तथा शेयरधनीहरूलाई उपलब्ध गराईएको लेखापरिक्षण प्रतिवेदन सहितको २०७५ आषाढ मसान्त सम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू समेतमा आ-आफ्नो राय, प्रतिक्रिया तथा सुझाव दिन तथा सो सम्बन्धमा छलफल गर्न र आफ्नो मन्तव्य राख्न शेयरधनीहरूलाई अनुरोध गरिएको थियो । कम्पनीका निम्न शेयरधनीहरूले मन्तव्यका क्रममा व्यक्त गर्नु भएको आ-आफ्नो राय, सुझाव तथा प्रतिक्रियाहरूको मुख्य अंश र जिज्ञासाहरू निम्न अनुसार रहेको छ ।

**(अ) श्री अमृत नाथ रेग्मी**

कम्पनीको वित्तिय अवस्था मजबुत हुँदै गएकोमा धन्यवाद दिन चाहन्छु । कम्पनी ऐन बमोजिम महिला सञ्चालकको पनि व्यवस्था गरियोस । कम्पनी परिपक्व भएको हुँदा आगामी दिनमा १०० मे.वा. वा सो भन्दा ठुला आयोजना निर्माण तथा पब्लिक लिमिटेड कम्पनीहरूमा लगानी बढाई थप आम्दानीको अवसरहरू सिर्जना गर्ने तर्फ लाग्नु पर्दछ । आयोजनाका सम्बन्धमा लिईएको बैंक कर्जाबाट कति अवधिमा मुक्ती पाउने हो स्पष्ट पारियोस । नदीका गिट्टी तथा वालुवा (Bolder & Sands) हरूले विद्युत केन्द्रमा टर्वाइन लगायतका उपकरणहरूलाई क्षति पुर्‍याउने हुँदा त्यस तर्फ सचेत हौं । कम्पनीले आर्थिक तथा वित्तिय प्रतिवेदन नयाँ NFRS बमोजिम तयार गरेको हुँदा स्पष्ट रूपमा बुझ्न केहि गाह्रो भएको छ । कम्पनीको ७ वर्षको उपलब्धि राम्रो रहेको हुँदा आगामी वर्ष अझ राम्रो गर्दै जाओस शुभकामना, धन्यवाद ।

**(आ) श्री उद्धव प्रसाद पौडेल**

कम्पनीका आयोजनाहरूको सम्बन्धमा पेश गरिएका Power Point Presentation मार्फत जानकारी भए बमोजिम कम्पनीको अवस्था राम्रो रहेको देखिन्छ । कम्पनीले साना

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

लगानीकर्ताहरूको हितलाई ध्यानमा राखि ५ प्रतिशत नगद लाभांशको सट्टा बोनस शेयरनै प्रदान गरी कुल १५ प्रतिशतनै बोनस शेयरको घोषणा गरियोस साथै आगामी वर्ष कति प्रतिशत लाभांश आउने हो सोको जानकारी समते पाउँ । यस कम्पनीले सानिमा हाईड्रोपावर लाई गाभ्ने कुरा स्वागत योग्य छ । कम्पनीले लघु जलविद्युत तथा सौर्य उर्जा जस्ता क्षेत्रमा पनि लगानी बढाउनु उपयुक्त हुन्छ । संघिय व्यवस्था अनुसार सानिमाले सातै वटा प्रदेशहरूमा आयोजना निर्माण गर्नु पऱ्यो । कम्पनीले NFRS पद्धति लागु गरेकोमा यसको निर्धारित मापदण्ड केहो स्पष्ट पारियोस साथै आगामी वर्ष वित्तिय प्रतिवेदन स्पष्ट रूपमा सबैले बुझ्ने गरी आओस् ।

**(इ) श्री भक्ति प्रसाद उप्रेती**

लगानीकर्ताको रूची भनेको प्रतिफल हो, कम्पनीले यस वर्ष पहिलो पटक ५ प्रतिशत नगद लाभांश र १० प्रतिशत बोनस शेयर प्रदान गरेको छ जो राम्रो सुरूवात हो जसका लागि धन्यवाद छ । कम्पनीले २८.१ मे.वा.को तल्लो लिखु, ५४ मे.वा.को मध्य तमोर, १४.३ मे.वा.को माथिल्लो मैलुङ खोला जस्ता आयोजनाको प्रवर्द्धक कम्पनीहरूमा लगानी गरेको छ जसले भविश्यमा प्रतिफल सुनिश्चित हुने कुरामा विश्वस्त हुन सकिन्छ । सानिमा हाईड्रोलाई गाभ्ने कार्यका लागि अध्ययन र मुल्यांकन भई रहेकोमा गाभिए पश्चात यसले अन्य आयोजनाहरू समेत निर्माण तथा सञ्चालन गर्ने हुँदा भविश्यमा उल्लेख्य मात्रामा लाभांश पाईने कुरामा विश्वास छ । Posted Rate बापतको करिब ५० प्रतिशत रकम प्राप्त भएको छ जुन शेयरधनीहरूका लागि सकारात्मक पक्ष हो । कम्पनीले हाल निर्माण तथा सञ्चालन गरेको जलविद्युत आयोजनाहरू Run of River मा मात्र आधारित रहेको हुँदा भविश्यमा Reservoir Project गर्ने तर्फ पनि विचार गरियोस । कम्पनीले प्रकाशित गर्ने वित्तिय प्रतिवेदनमा ५ वर्षको विवरण समावेस गर्ने चलन छ, सो गर्न सके राम्रो हुन्छ ।

**(ई) श्री चन्द्र नारायण श्रेष्ठ**

कम्पनीको २२ मे.वा. र ७ मे.वा. गरी २९ मे.वा.का आयोजनाको विद्युत विक्रीबाट प्राप्त आम्दानीको अनुपातको आधारमा लाभांश कम भयो यस तर्फ विचार गरियोस । आगामी वर्ष कम्पनीले कति लाभांश दिने हो सो घोषणा होस । यस वर्षको लाभांश जति सक्दो चाँडो वितरण होस ।

**(उ) श्री नरसिंहलाल चंखु**

कम्पनीको आर्थिक तथा वित्तिय प्रतिवेदनको अध्ययनले कम्पनी प्रगति उन्मुख रहेको देखाएको छ । प्रतिफलको व्यवस्था गरिएबाट यसपालि लगानीकर्ताहरूको हितलाई पनि ध्यान दिईको छ आगामी वर्षबाट प्रतिफलमा निरन्तर बढोत्तरी हुँदै जाओस । यसका लागि कम्पनीले जोखिमको व्यवस्थापन गर्ने र आम्दानीको गुणस्तर (Earning Quality) मा ध्यान दिने गर्नु पर्दछ । लागत न्यून गर्न सकेमा मुनाफामा वृद्धि गर्न सकिन्छ । कम्पनीको लगानीको अवस्था राम्रो छ भविष्यमा Goodwill बढ्दै जाने विश्वास छ । कम्पनीको सुशासनको अवस्था पनि राम्रो छ ।

SANIMA MAI HYDROPOWER LIMITED
sanima
SMH
KATHMANDU

**(ए) श्री दामोदर प्रसाद रेग्मी**

आयोजना पूर्ण रूपमा सञ्चालनमा आएको दोस्रो वर्षमा नै ५ प्रतिशत नगद लाभांश र १० प्रतिशत बोनस शेयर दिनु एउटा राम्रो सुरूवात हो । यसै अनुपातमा आगामी वर्ष पनि लाभांश दिन सकेमा कम्पनीको उच्च मुल्याङ्कन गर्नु पर्ने हुन्छ । आगामी वर्ष यति सम्म प्रतिफल दिने लक्ष्य छ र यति प्रतिफलको लागी आश्वस्त पार्न चाहन्छौ भन्ने प्रतिवद्धता आओस् । कम्पनीको प्रगतिका लागि नतिजामुलक व्यवस्थापन तर्फ कम्पनी सञ्चालक समितिको ध्यान जाओस् । ग्रमिण विद्युतिकरण तर्फ पनि कम्पनी अगाडी बढोस् यसबाट पनि मुनाफा आर्जन र ग्रमिण विकास समेत हुन्छ ।

**(ऐ) श्री दिवाकर खड्का**

कम्पनीका लगानीकर्ताहरूले पहिलो पटक १५ प्रतिशत लाभांश प्राप्त गरेकाछन् जो खुसीको कुरा हो । यस कम्पनीले नयाँ नयाँ आयोजनाहरू पनि गर्दै अगाडि वढ्दै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**(ओ) श्री डमरू वल्लव घिमिरे**

१५ प्रतिशत लाभांश दिएकोमा कम्पनी, सञ्चालक समिति र व्यवस्थापन लाई धन्यवाद छ । जलविद्युत आयोजना निर्धारित अवधि पश्चात सरकारलाई हस्तान्तरण हुन्छ भन्ने कुराले आयोजनामा लगानी गर्न लगानीकर्ताहरू हच्कीएका, पछिहटेका छन् तसर्थ हाईड्रोपावरको अनुमतिपत्र अवधि ३५ वर्ष नभई १०० वर्ष हुनु पर्ने जोडदार माग संस्थागत रूपमा सरकार संग गर्नु पर्दछ । यस कम्पनीले शेयरधनीहरूलाई ५ प्रतिशत नगद लाभांश दिनु भन्दा संचित राखि अर्को वर्ष १५ प्रतिशत बोनस शेयर दिई बैंकको ऋण चुक्ता गर्नु उचित हुन्छ । सानिमाको व्यवसायीक प्रतिष्ठा (Goodwill) का कारण यसलाई लगानी जुटाउन कुनै समस्या नपर्ने हुँदा राम्रा राम्रा आयोजनाहरू ल्याउनु होस् । कम्पनीको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

**(औ) श्री मिरा काफ्ले**

पहिलो देखि यस सातौ वर्ष सम्म पनी कम्पनीको वार्षिक साधारण सभा काठमाण्डौमा मात्रै भएको हुँदा म आयोजना प्रभावित क्षेत्रको बासिन्दाको नाताले आठौ साधारण सभा आयोजना क्षेत्रमा होस भन्ने माग गर्दछु । आयोजनाको अपनत्वका कारण म प्रभावित क्षेत्र देखि यस सभामा भाग लिन यहाँ उपस्थित भएकी छु । यस सानिमा माई हाईड्रोपावरले उत्तरोत्तर प्रगति गरोस भन्ने कामना गर्दछु ।

शेयरधनी महानुभावहरूबाट मन्तव्यका क्रममा राय, प्रतिकृया, सुझाव र जिज्ञासा राख्ने कार्य पूरा भएपछि शेयरधनीहरूको जिज्ञासाहरूका सम्बन्धमा अध्यक्षज्यूको आज्ञाले कम्पनीका प्रमुख कार्यकारी अधिकृत डा. श्री सुवर्णदास श्रेष्ठज्यूले सम्बन्धित विषयमा निम्न बमोजिम प्रष्ट पार्दै, जवाफ दिनु भयो ।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

**डा. श्री सुवर्णदास श्रेष्ठ - प्रमुख कार्यकारी अधिकृत**

आजको यस वार्षिक साधारण सभामा शेयरधनी महानुभावज्यूहरूले मन्तव्यको क्रममा राख्नु भएको अमुल्य सुझावहरूका लागि धन्यवाद दिंदै शेयरधनीहरूको जिज्ञासाका सम्बन्धमा कम्पनीका **प्रमुख** कार्यकारी अधिकृतज्यूले निम्नानुसार प्रष्ट पार्नु भयो ।

■ कम्पनीका शेयरधनीहरूको रचनात्मक सुझावलाई कम्पनीले मार्ग दर्शनको रूपमा लिंदै आएको छ । कम्पनीले प्रदान गर्ने आगामी वर्षको प्रतिफल वा लाभांशका सम्बन्धमा भन्नु पर्दा जलविद्युत आयोजनाको आम्दानी लगभग निश्चितनै हुन्छ तथापि थोरैनै भएतापनि आम्दानी बढ्दै जाओस भन्ने प्रयास रहनेनै छ ।

■ महिला सञ्चालकको व्यवस्था सम्बन्धी कुरामा भविश्यमा सञ्चालक समिति गठन वा परिवर्तन हुने समयमा नियमानुसार लागु गरिनेनै छ ।

■ आयोजनाको बैंक कर्जा भुक्तानी अवधि (Payback Period) का सम्बन्धमा माई तथा माई क्यास्केड आयोजनाको कर्जा अवधि १२ वर्ष रहेकोमा माई जलविद्युत आयोजनाको ९ वर्ष र माई क्यास्केड जलविद्युत अयोजनको १० वर्ष बाँकी रहेकोछ ।

■ गिट्टी तथा बालुवाले टर्वाइनमा क्षति पुर्‍याउने जिज्ञासाका सम्बन्धमा सोको नियन्त्रणका लागि ग्राभल ट्र्याप, सेटलिङ्ग वेसीन जस्ता संरचनाहरूको निर्माण गरिएको जानकारी गराउन चाहन्छु।

■ सातै प्रदेशमा सानिमाले जलविद्युत आयोजनाहरूको निर्माण गर्नु पर्ने सुझावका सर्न्दभमा भविष्यमा यसका लाग कम्पनीले आवश्यक निरन्तर प्रयार गर्नेनैछ भने हाल १ र ३ नं. प्रदेशमा आयोजाना निर्माण तथा सञ्चालनका क्रममानै रहेका छन् ।

■ कम्पनीको वार्षिक प्रतिवेदन त्रुटि रहित रूपमा प्रकाशित गर्ने अधिकतम प्रयास गरिएता पनि केहि कमि कमजोरि र त्रुटिहरू रहेको कुरा यहाँहरूले औल्याई दिनु भएकोमा क्षमा याचना गर्दै आगामि वर्ष सकेसम्म त्रुटि हुन नदिन प्रयास गर्ने प्रतिवद्धता जनाउँदछौं ।

■ आयोजनाको अवधि अधिकतम ३५ वर्षबाट बढाएर १०० वर्ष पुर्‍याउन पहल गर्नु पर्ने सुझावलाई मनन गरि यस किसिमको मागलाई संस्थागत रूपमा सम्बन्धीत निकायमा पुर्‍याउनेनै छौं ।

■ आयोजना दोस्रो वर्ष पुरा गरि पूर्ण सञ्चलनमा आएको यस तेस्रो वर्षमा कम्पनीले धेरै अध्ययन, विश्लेषण तथा छलफल समेत गरि ठुला साना सबै लगानीकर्ताहरूको हितलाई ध्यानमा राखि ५ प्रतिशत नगद लाभांश र १० प्रतिशत बोनस शेयर प्रदान गर्न प्रस्ताव गरेको हुँदा यो प्रस्ताव स्वीकृतीका लागि विनम्र अनुरोध गर्दछौं ।

४. **सभाको निर्णयहरू :**

निर्णयार्थ सातौं वार्षिक साधारण सभा समक्ष पेश भएका निम्न प्रस्तावहरूमा सभाले निम्न बमोजिम निर्णयहरू गऱ्यो :

(क) साधारण प्रस्ताव उपर छलफल तथा निर्णयहरू

१. **सातौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।**

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री टेकराज निरौलाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७४/०७५ को वार्षिक प्रतिवेदनमा छलफल भई त्यसमा उठेका जिज्ञासाहरूका सम्बन्धमा स्पष्ट गरी सकिएकोले उक्त प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभामा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ साल आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७४/७५ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बद्ध अनुसूचीहरू समेत छलफल गरी पारित गर्ने।**

लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको २०७५ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०७४/०७५ को वार्षिक नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, तत्सम्बन्धी अनुसूचीहरू उपर छलफल समेत भईसकेकोले उक्त विवरण स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभाबाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरू स्वीकृत गर्ने निर्णय गरियो।

३. **लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ. व. २०७५/०७६ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने तथा पारीश्रमीक निर्धारण गर्ने।**

कम्पनी ऐन, २०६३ मा भएको कानूनी व्यवस्था बमोजिम गठित कम्पनीको लेखापरीक्षण समितिले लेखापरीक्षकको नियुक्तीका सम्बन्धमा गरेको सिफारिसको जानकारी गराउँदै लेखापरीक्षण समितिको तर्फबाट कम्पनीको आ.व. २०७५/०७६ को हिसाब किताब लेखापरीक्षण गर्न लेखापरीक्षक संस्था SAR Associates, Chartered Accountants लाई मूल्य अभिवृद्धि कर बाहेक रू. १,५२,०००/-(अक्षरेपी एक लाख बाउन्न हजार मात्र) पारिश्रमिक निर्धारण गरी नियुक्त गर्न सिफारिस भएको कुरा सभामा जानकारी गराइयो। प्रस्तुत प्रस्तावमा सभाबाट कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम SAR Associates, Chartered Accountants लाई नियुक्त गर्ने सर्वसम्मत निर्णय गरियो।

४. **सञ्चालक समितिले प्रस्ताव गरे अनुसार आ.व. २०७४/०७५ को खुद नाफा तथा संचित मुनाफा समेत मध्येबाट शेयरधनीहरूलाई चुक्ता पूँजीको ५ प्रतिशत नगद लाभांश (प्रस्तावित नगद लाभांश तथा बोनस शेयर बापतको कर सहित) वितरण गर्न स्वीकृत गर्ने।**

आ.व. २०७४/०७५ को आर्थिक विवरणमा व्यवस्था गरिए बमोजिम खुद नाफा तथा संचित मुनाफाबाट कम्पनीको चुक्ता पूँजीको ५ प्रतिशतले हुन आउने रकम बराबर नगद लाभांश (प्रस्तावित नगद लाभांश तथा बोनस शेयर बापतको कर सहित) वितरण गर्न सञ्चालक समितिबाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार लाभांश वितरण गर्न प्रस्ताव गरिएकोमा प्रस्ताव बमोजिम यस सातौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई चुक्ता पूँजीको ५ प्रतिशत नगद लाभांश कानून बमोजिम कर कट्टी गरी वितरण गर्ने सर्वसम्मत निर्णय गरियो।

५. **सञ्चालकहरूलाई सञ्चार सुविधा उपलब्ध गराउने।**

कम्पनीका सञ्चालकहरूलाई सञ्चार सुविधा बापत प्रति संचालक मासिक रू. २,०००/- (अक्षरेपी दुई हजार मात्र) उपलब्ध गराउनका लागि वार्षिक साधारण सभा समक्ष पेश गरिएको प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो।

SANIMA MAI HYDROPOWER LIMITED. sanima SMH KATHMANDU

६. **लेखापरीक्षण समिति तथा अन्य उपसमितिमा रहेका संचालकहरूलाई उल्लिखित उप-समितिको बैठक भत्ता उपलब्ध गराउने ।**

कम्पनीको लेखापरीक्षण तथा मानव संशाधन समिति तथा अन्य उपसमितिमा रहेका सञ्चालक सदस्यहरूलाई उक्त उपसमितिको बैठक भत्ता बापत प्रति सदस्य प्रति बैठक रू. ४,०००/- उपलब्ध गराउन पेश गरिएको प्रस्ताव सभाको सर्वसम्मतिबाट पारित गरियो ।

(ख) <u>विशेष प्रस्ताव उपर छलफल तथा निर्णयहरू</u>

१. **सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७४/०७५ को खुद नाफा तथा संचित मुनाफा र शेयर प्रिमियम समेत मध्येबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर प्रदान गर्ने ।**

कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७४/०७५ को खुद नाफा तथा संचित मुनाफा र शेयर प्रिमियम समेत मध्येबाट चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर प्रदान गर्ने सञ्चालक समितिबाट साधारण सभा समक्ष सिफारिस भई सोही अनुसार प्रस्ताव गरिएकोमा प्रस्ताव बमोजिम यस सातौं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरूलाई चुक्ता पूँजीको १० प्रतिशतले हुन आउँने रकम बराबरको बोनस शेयर वितरण गर्ने सर्वसम्मत निर्णय गरियो । साथै बोनस शेयर वितरण गर्दा कट्टी गर्नु पर्ने लाभांश कर नगद लाभांशबाट कट्टी गर्ने निर्णय पनि गरियो ।

२. **बोनस शेयर निष्काशन प्रयोजनका लागि कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने तथा प्रबन्धपत्र र नियमावलीमा संशोधन/ थप गर्ने ।**

बोनस शेयर वितरण गर्न यस साधारण समभामा प्रस्तुत प्रस्ताव स्वीकृत भई सकेको हुँदा बोनस शेयर वितरण पश्चात् कम्पनीको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकोले सोही बमोजिम कम्पनीको प्रबन्धपत्रमा संशोधन गर्न र बोनस शेयर जारी गर्ने सम्बन्धी प्रावधान कम्पनीको नियमावलीमा थप गर्न कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा तपसिल अनुसार संशोधन/थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

(क) प्रबन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।

**६(ख) कम्पनीको जारी पूँजी रू. २,३२,१०,००,०००/- (अक्षरेपी दुई अर्ब बत्तीस करोड दश लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००/- दरका २,३२,१०,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

**६(ग) कम्पनीको चुक्ता पूँजी रू. २,३२,१०,००,०००/- (अक्षरेपी दुई अर्ब बत्तीस करोड दश लाख मात्र) हुनेछ ।**

(ख) कम्पनीको नियमावलीको नियम ४२ को उपनियम (४) पछि उपनियम (५) थप गर्ने ।

**४२ (५) कम्पनीले साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी लाभांश बाड्न सकिने रकमबाट आफ्नो शेयरधनीहरूलाई बोनस शेयर जारी गर्न सक्नेछ ।**

SANIMA MAI HYDROPOWER LIMITED
sanima
SMH
KATHMANDU

३. **सानिमा हाईड्रोपावर लिमिटेडलाई यस कम्पनीमा गाभ्ने (Acquire) र यसकालागि कम्पनीको तर्फबाट पुरा गर्नु पर्ने आवश्यक प्रक्रियाहरू अवलम्बन गरि कानून बमोजिम गाभ्ने कार्य सम्पन्न गर्न, गराउन कम्पनीको छैठौं वार्षिक साधारण सभाबाट सञ्चालक समितिलाई प्रदान गरिएको अख्तियारीलाई यथावतै कायम राखी बाँकी सम्पूर्ण कार्यहरू पुरा गर्न र कम्पनी गाभ्ने वा उपयुक्त ठहर नभएमा नगाभ्ने सम्बन्धमा आवश्यक निर्णय लिन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

छैठौं वार्षिक साधारण सभाबाट पारित प्रस्ताव अनुरूप सानिमा हाईड्रोपावर लिमिटेडलाई यस कम्पनीमा गाभ्ने (Acquire गर्ने) सम्बन्धमा गत वार्षिक साधारण सभाबाट सञ्चालक समितिलाई प्रदान गरिएको अख्तियारीलाई यथावतै कायम राखी बाँकी सम्पूर्ण कार्यहरू पुरा गर्न र कम्पनी गाभ्ने वा उपयुक्त ठहर नभएमा नगाभ्ने सम्बन्धमा आवश्यक निर्णय लिन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. **कम्पनीको पूँजी वृद्धि तथा संशोधन/थप गर्ने क्रममा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनमा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक समायोजन गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको संशोधन/थप अभिलेख गर्ने क्रममा नियमनकारी निकाय/कार्यालयले कुनै फेरबदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरूप आवश्यक समायोजन गर्न कम्पनीको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**(ग) विविध**

विविध विषय अर्न्तगत कुनै छलफल तथा निर्णय भएन ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न, गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समितिप्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र यस सातौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

क्रान्त श्रेष्ठ
कम्पनी सचिव

SANIMA MAI HYDROPOWER LIMITED
sanima
SMH
KATHMANDU

टेकराज निरौला
सभा-अध्यक्ष